# नेपाल पूर्व सशस्त्र प्रहरी संघको आचार संहिता

## प्रस्तावना (Preamble)

यस नेपाल पूर्व सशस्त्र प्रहरी संघको सु-संचालन एवं व्यवस्थापन र राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमा अवकाश प्राप्त सेना तथा प्रहरीहरुको संघ संगठनको मुल्य, मान्यता, सिद्धान्त अनुरुप सशक्त बनाउँदै संघको विधान बमोजिम उदेश्य प्राप्तिका लागि बल पुऱ्याउन संघको पदीय दायित्वमा रहने संचालक समिति, आवश्यकता अनुसार गठन हुने उपसमितिहरुका सदस्यहरु एवं केन्द्रीय परिषद्का सदस्यहरुको रुपमा रहने अवकाश प्राप्त सशस्त्र प्रहरीहरुको क्रियाकलापलाई जिम्मेवारपूर्ण, ईमान्दार, अनुशासीत एवं मर्यादीत र एकता, भातृत्व, सद्भाव कायम गरी हक, हीत, कल्याण, बौद्धिक, सामाजिक र आर्थिक अवस्था सवल बनाउन नितान्त आवश्यक महसुस भएकाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान २०६४ को परिच्छेद ८ को नियम ४० को आधारमा नेपाल पूर्व सशस्त्र प्रहरी आचार संहित २०६८ बनाई लागू गर्न वान्छनीय भएकोले यो आचार संहिता जारी गरिएको छ ।

## परिच्छेद १

### १. नाम :-

यो संहिताको नाम नेपाल पूर्व सशस्त्र प्रहरी आचार संहिता २०६८ रहनेछ । यसलाई अंग्रेजीमा Nepal Ex – Armed Police Code of Conduct 2068 भनिनेछ ।

### २. प्रारम्भ :-

यो आचार संहिता पछि साधारण सभाबाट अनुमोदन गराउने गरी कार्य समितिले निर्णय गरेको मिति देखि लागू हुनेछ । (निर्णय मिति २०६८/०२/१६ गते सोमवार)

### ३. परिभाषा :-

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा :

(क) "संहिता" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी आचार संहिता २०६८ लाई सम्झनु पर्दछ ।

(ख) "विधान" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान २०६४ लाई सम्झनु पर्दछ ।

(ग) "संघ" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले संघको संचालक समितिका सम्पूर्ण पदाधिकारीहरु एवम् सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले संघको विधान बमोजिम सदस्यता लिएका अवकाश प्राप्त स.प्र.एवं अन्य परिवारहरुलाई समेत सम्झनु पर्दछ ।

(च) "पूर्व सशस्त्र प्रहरी" भन्नाले संघको सदस्यता लिएका र नलिएका पनि नेपाल सशस्त्र प्रहरी बल संगठनको आधारभूत तालिम प्राप्त गरी सकेपछि वा नेपाली सेना र नेपाल प्रहरीबाट स्थानान्तरण भई स.प्र.बल संगठनबाट अवकाश ग्रहण गरेका सशस्त्र प्रहरीहरुलाई सम्झनु पर्दछ ।

(छ) "परिषद्" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिहरुको सामुहिक भेला(साधारण सभा) लाई सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले कार्यकारिणी समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले संघको कार्यकारिणी (संचालक) समितिलाई सम्झनु पर्दछ ।

(ञ) "सचिव" भन्नाले कार्यकारिणी समितिको सचिवलाई सम्झनु पर्दछ ।

(ट) "कोषाध्यक्ष" भन्नाले कार्यकारिणी समितिको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**४. उद्देश्य :-**

१. नेपाल पूर्व सशस्त्र प्रहरी संघको मूल्य, मान्यता र सिद्धान्तलाई व्यवहारमा उतार्न र संघलाई सशक्तरुपमा सु-संचालन गर्दै प्रभावकारी एवं सम्मानीत बनाउने ।

२. संघमा आवद्ध सदस्यहरुको व्यक्तिगत एवं सामाजिक कृयाकलापलाई मर्यादीत एवं आदर्शयुक्त बनाउने ।

३. संघका कृयाकलापलाई नियमित, व्यवस्थित, अनुशासीत एवं पारदर्शी बनाउदै सामाजिक संस्कृतिको निमार्ण गर्ने ।

४. संघको पदाधिकारी एवं सदस्यहरुको काम कारवाही उत्तरदायी एवं जवाफदेही बनाउने ।

५. संघको व्यवसायिक गतिविधि एवं व्यवस्थापनमा सुधार ल्याउने ।

६. संघको विधानमा उल्लेखित उदेश्य परिपुर्तीका लागि विविध कार्यहरु सम्पादन गर्ने ।

## परिच्छेद ३

**५. नेपाल पूर्व सशस्त्र प्रहरी संघमा आवद्ध सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुले पालना गर्नु पर्ने आचार संहिता :-**

१. संघको मूल्य, मान्यता, सिद्धान्त तथा विधान एवं नीति निर्णयहरुको पूर्णरुपमा परिपालना गर्नु पर्ने ।

२. संघको साधारण सभा तथा अन्य कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागीता जनाउनु पर्ने ।

३. संघको गतिविधिहरुमा क्षमताअनुसार सहभागीता जनाउनु पर्ने ।

४. संघको हैसियत प्रयोग गरी नाजायज फाईदा लिन नहुने ।

५. संघका सदस्यहरुबीच धर्म, जात-जाति, लिङ्ग, वर्ण, दर्जा आदिका आधारमा भेदभाव गर्न नहुने र हरेक सदस्यहरुकाबीच नम्रता तथा आदारपूर्वक व्यवहार गर्नु पर्ने ।

६. प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संघको उदेश्य तथा हीत विपरित हुने कुनैपनि कृयाकलापमा संलग्न हुन नहुने ।

७. संघको गोपनियता भङ्ग गर्न नहुने ।

८. संघको सम्पतिको रुपमा रहेका सर-समानहरु कसैले पनि व्यक्तिगत रुपमा प्रयोग गर्न नहुने ।

९. सांस्कृतिक एवं पारिवारिक रितीरिवाजअनुसार सम्पन्न गरिने सामाजिक व्यवहारलाई शिष्ट, सामान्य र मितव्यायी बनाई समाजमा नमूनाकोरुपमा रहन प्रयत्नशिल रहने ।

१०. आजीवन सदस्यता लिनुहुने सदस्यहरु बाहेक वार्षिक साधारण सदस्यता लिने सदस्यहरुले म्याद सकिएपछि ९० दिन भित्र अनिवार्यरुपमा सदस्यता नविकरण गर्नु पर्ने ।

११. कार्य समितिको स्वीकृति विना कुनै पनि सदस्यहरुले यस्तै प्रकृतीका अन्य संघ संस्था वा मञ्चको सदस्यता लिन नहुने ।

१२. यस संघको कुनै पनि सदस्यहरुले आफ्नो र संघको ईज्जत प्रतिष्ठामा आघात पुग्ने आर्थिक कृयाकलापमा संलग्न हुन नहुने । (जस्तै जुवा, बाजी, तस्करी आदि)

१३. कुनै वैठक, छलफल तथा पूनर्मिलन एवं पर्व कार्यक्रम आदिमा आफ्नो मर्यादा विपरीतको आचरण व्यवहार गर्न नहुने ।

१४. लामो समयसम्म अनुशासीत संगठनको परिधिबाट बाहिर निस्कदा स्वतन्त्रता महशुस गरी अनियन्त्रित क्रियाकलापबाट पर रही अवकाश पश्चात समाजमा अझ बढि जिम्मेवार हुनु पर्ने ।

१५. कुनै पनि पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुले अर्को कुनै संघ/संगठन गठन गर्न गराउन नहुने ।

१६. संघको उदेश्य नै अवकाश प्राप्त सशस्त्र प्रहरीहरुको हक हीतमा सहभागी हुने भएकाले सदस्यता लिन बाँकी अवकाश प्राप्त सम्पूर्ण सशस्त्र प्रहरीले स्वेच्छाले संघको सदस्यता लिने तर्फ प्रयत्न गर्ने ।

१७. कुनै पनि सदस्यहरुलाई प्राप्त भएको जिम्मेवारी इमान्दारी बफादारीका साथ बहन गर्नुपर्ने ।

१८. यस संथामा आबद्ध कुनैपनि सदस्यहरुको दुःख सुख थाहा पाउदा र अनुरोध गर्दा सहभागी हुनु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

१९. कुनैपनि औपचारिक कार्यक्रमहरुमा उपस्थित हुँदा औपचारिक (राष्ट्रिय) तथा मर्यादीत पोशाकको प्रयोग गर्नु पर्ने ।

२०. कुनैपनि राजनैतिक पार्टीको आस्था तथा विचारहरुलाई संघमा अनिवार्यता गर्न नहुने ।

## परिच्छेद ४

## विविध

१. यस आचार संहिताको व्याख्या गर्ने अन्तिम अधिकार संघको कार्यकारिणी समितिमा रहनेछ ।

२. यस आचार संहितामा समय सापेक्ष संशोधन गर्नु पर्ने भएमा संघको कार्यकारिणी समितिले संशोधनको प्रस्ताव पछि साधारण सभाबाट अनुमोदन गराउने गरी संशोधन गर्न सक्नेछ ।

३. यस आचार संहितामा उल्लेख गरिएको कुनै कुराहरु बाझिएमा संघको विधान अनुरुप व्याख्या गरिनेछ ।